# धितोपत्र कारोबार व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७९

अनलाइन तथा अफलाइन मार्फत धितोपत्रको कारोबार गर्नका लागि नेप्सेले विकास गरेको वा कारोबार सदस्यले विकास वा खरीद गरी प्रयोग गर्ने कारोबार व्यवस्थापन प्रणालीलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न धितोपत्र कारोबार सञ्चालन (तेस्रो संसोधन) विनियमावली, २०७९ को विनियम ३९ उपविनियम १(ग) बमोजिम नेपाल स्टक एक्सचेन्ज लिमिटडेले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "धितोपत्र कारोबार व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७९" हुनेछ ।

(२) यो कार्यविधि नेपाल स्टक एक्सचेन्ज लिमिटेडको सञ्चालक समितिले तोकेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "एप्लिकेसन प्रोग्रामिङ्ग इन्टरफेस वा एपिआई" भन्नाले नेप्सेको प्रणाली र प्रयोगकर्ताको प्रणाली बीच तथ्यांक आदान प्रदान गर्ने स्वचालित माध्यम सम्झनु पर्छ ।

(ग) "कारोबार सदस्य" भन्नाले धितोपत्र कारोवार सञ्चालन (तेस्रो संशोधन) विनियामवली, २०७९ को विनियम (२) (घ) मा परिभाषित कारोबार सदस्यलाई सम्झनु पर्छ ।

(घ) "कारोबार व्यवस्थापन प्रणाली" भन्नाले कारोबार सदस्य वा ग्राहकले प्रयोग गर्ने कारोबार व्यवस्थापन प्रणालीलाई सम्झनु पर्छ जसलाई अंग्रेजीमा ट्रेड म्यानेजमेन्ट सिस्टम वा टिएमएस भनिनेछ ।

(ङ) "नेप्से" भन्नाले नेपाल स्टक एक्सचेन्ज लिमिटेड सम्झनु पर्छ ।

(च) "प्रणाली" भन्नाले नेप्सेको कारोबार प्रणालीलाई सम्झनु पर्छ ।

(छ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले नेपाल स्टक एक्सचेन्ज लिमिटेड सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(झ) "विनियमावली" भन्नाले धितोपत्र कारोवार सञ्चालन (तेस्रो संशोधन) विनियामवली, २०७९ सम्झनु पर्छ ।

## परिच्छेद-२

## कारोबार व्यवस्थापन प्रणाली सञ्चालन सम्बन्धी व्यवस्था

३. **निवेदन दिनुपर्ने**: (१) कारोबार सदस्यले नेप्सेको कारोबार व्यवस्थापन प्रणाली (टिएमएस) प्रयोग गर्न वा आफ्नै प्रणाली विकास वा खरीद गरी प्रयोग गर्नका लागि नेप्सेको प्रणालीसँग जडान गर्न विनियमावलीको विनियम २१(ग) बमोजिम विवरण खुलाई निवेदन दिनुपर्नेछ ।

(२) यो कार्यविधि लागू हुँदाका बखत नेप्सेको कारोबार व्यवस्थापन प्रणाली प्रयोग गरिरहेका कारोबार सदस्यले यो कार्यविधि लागू भएको तीस दिनभित्र विनियमावलीमा तोकिए बमोजिमको दस्तुर सहित निवेदन दिनुपर्ने छ ।

४. **पूर्वाधारको निरीक्षण गर्ने:** (१) कारोबार सदस्यले पेश गरेको सूचना प्रविधि सम्बन्धी पूर्वाधार तथा सो सम्बन्धी विवरण नेप्सेले तीस दिनभित्र निरीक्षण तथा चेकजाँच गर्नेछ ।

(२) नेप्सेले निरीक्षण तथा चेकजाँचको क्रममा आवश्यक परेको खण्डमा विनियमावलीको विनियम २१(ग) मा उल्लेखित बाहेक अन्य विवरणहरु समेत माग गर्न सक्नेछ ।

५. **विस्तृत विवरण पेश गर्नुपर्ने:** (१) कारोबार सदस्यले आफूसँग भएको प्राविधिक क्षमता, जनशक्तिको व्यवस्था, प्रणाली विकास वा खरीद परियोजनाको विस्तृत विवरण पेश गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम विवरण पेश गर्दा कारोबार सदस्यले सफ्टवेयरको प्राविधिक तथा सुरक्षा बिशेषताहरु बारे नेप्सेमा तोकिएको दिनमा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

(३) कुनै एक कारोवार सदस्यले प्रयोग गरिरहेको कारोबार व्यवस्थापन प्रणाली पुन: अर्को कारोवार सदस्यले प्रयोग गर्न चाहेमा उपदफा (२) बमोजिमको प्रस्तुतीकरण गराइरहनुपर्ने छैन ।

६. **सैद्धान्तिक सहमति प्रदान गर्ने:** दफा ४ बमोजिम निरीक्षण सम्पन्न भए पश्चात तथा दफा ५ बमोजिमको विवरण प्राप्त गरे पश्चात नेप्सेले उपयुक्त देखेमा कारोवार सदस्यलाई एक महिनाभित्र प्रणाली खरीद वा विकास गर्न सैद्धान्तिक सहमतिको साथै प्रणाली जडान सम्बन्धी एपिआई डकुमेन्ट प्रदान गर्नेछ ।

७. **सम्झौता गर्नुपर्ने:** (१) आफ्नै प्रणाली विकास वा खरीद गरी प्रयोग गर्ने कारोबार सदस्य र उक्त प्रणाली विकास गर्ने वा उपलब्ध गराउने कम्पनी बीच सम्झौता गरी नेप्सेलाई जानकारी गराउनु पर्नेछ ।

(२) सम्झौतामा कारोबार प्रणालीको स्पेसिफिकेसन, वार्षिक मर्मत सम्झौता (एएमसी), विजनेस कन्टिन्युटी प्लान (बिसिपी), ट्रबल सुटिङ लगायत प्राविधिक सुरक्षा सम्बन्धी विषय समावेश हुनु पर्नेछ ।

८. **शुल्क तिर्नुपर्ने:** (१) कारोबार सदस्यले खरीद गरेको वा विकास गरेको प्रणालीमार्फत कारोबार सञ्चालन गर्न नेप्सेको मुख्य प्रणालीसँग जडान गर्दा कारोबार सदस्यले नेप्सेलाई विनियमावलीको विनियम २१(च) उपविनियम २ को साथै उपविनियम ४ बमोजिमको शुल्क अर्धवार्षिक रुपमा अग्रिम भुक्तानी गर्नुपर्नेछ ।

९. **प्रणाली परीक्षण गर्नुपर्ने:** (१) आफ्नै कारोवार व्यवस्थापन प्रणाली खरीद वा विकास गरी कारोबार सञ्चालन गर्न चाहने कारोबार सदस्यले प्रणाली विकास भइसके पश्चात वा खरीद गरिसकेपछि नेप्सेको प्रणालीमा जडान गर्नुपूर्व सो प्रणाली मान्यता प्राप्त तेस्रो पक्षबाट परीक्षण (अडिट) सम्पन्न गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा विनियमावलीको विनियम २१(क) बमोजिमको सम्पूर्ण सुविधाको साथै प्रणाली सुरक्षा सम्बन्धी व्यवस्थाको विस्तृत अध्ययन गर्नुपर्ने छ।

(३) उपदफा (१) र (२) बमोजिम परीक्षण गरे पश्चात कारोबार सदस्यले परीक्षण गरेको प्रमाणपत्र नेप्सेमा पेश गर्नु पर्नेछ ।

१०. **प्रणाली जडान गर्न अनुमति दिने:** (१) दफा ९ बमोजिम प्रणालीको अडिट पश्चात उपयुक्त देखेमा नेप्सेले विनियमावलीको विनियम २१(च) उपविनियम (२) बमोजिम शुक्ल प्राप्त गरी उक्त प्रणाली परीक्षणको रूपमा जडान गर्न एपीआई प्रदान गर्ने छ । एक कारोबार सदस्यका लागि प्रदान गरिएको एपिआई अर्को सदस्यले प्रयोग गर्न पाउने छैन ।

(२) कम्तीमा एक महिनाको परीक्षण पश्चात प्रणालीमा कुनै समस्या नदेखिएमा उक्त प्रणाली नियमित सञ्चालनको अनुमति दिइने छ ।

११. **नेप्सेलाई जानकारी गराउनु पर्ने:** कारोबार सदस्यले यस कार्यविधि बमोजिम जडान गरिएको कारोवार व्यवस्थापन प्रणालीमा कुनै परिवर्तन गर्नु परेमा नेप्सेलाई अग्रिम जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-३

## सूचना प्रविधि तथा जनशक्ति सम्बन्धी व्यवस्था

१२. **सूचना प्रविधि जनशक्तिको व्यवस्था गर्नुपर्ने:** कारोबार सदस्यले न्युनतम देहाय बमोजिमको सूचना प्रविधि सम्बन्धी जनशक्तिको व्यवस्था गर्नु पर्नेछ :-

(क) सिस्टम एन्ड नेटवर्क एडमिनिस्ट्रेटर/डाटाबेस एडमिनिस्ट्रेटर - एक जना

(ख) सहायक कर्मचारी - एक जना

१३. **सूचना प्रविधि जनशक्तिको शैक्षिक योग्यता र अनुभव:** कारोबार सदस्यको सूचना प्रविधि सम्बन्धी जनशक्तिको शैक्षिक योग्यता निम्न बमोजिम हुनु पर्नेछ :-

(१) **सिस्टम एन्ड नेटवर्क एडमिनिस्ट्रेटर/डाटाबेस एडमिनिस्ट्रेटर:** सिस्टम एन्ड नेटवर्क एडमिनिस्ट्रेटर/डाटाबेस एडमिनिष्ट्रेटर जिम्मेवारी लिने कर्मचारीले मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित (कम्प्युटर इन्जिनियरिङ्ग, कम्प्युटर विज्ञान, सूचना प्रविधि व्यवस्थापन वा सो सरहको) विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा तीन वर्षको कार्यानुभव प्राप्त गरेको हुनुपर्दछ ।

(२) **सहायक कर्मचारी:** सहायक कर्मचारीले मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण (कम्प्युटर इन्जिनियरिङ्ग, कम्प्युटर विज्ञान, सूचना प्रविधि व्यवस्थापन वा सो सरहको) गरेको हुनुपर्दछ ।

१४. **डाटा रिकभरी साइटको व्यवस्था गर्नुपर्ने:** कारोबार सदस्यहरुले कारोबार व्यवस्थापन प्रणाली सञ्चालन गर्न डाटा सेन्टर तथा डाटा रिकभरी साइटको व्यवस्था गर्नुपर्नेछ । सोको प्राविधिक स्पेसिफिकेसन नेप्सेले तोके बमोजिम हुनेछ । कारोबार व्यवस्थापन प्रणालीको निर्वाध सञ्चालन सम्बन्धी सम्पूर्ण दायित्व कारोबार सदस्य आफैंमा निहित हुनेछ ।

१५. **अनलाइन भुक्तानी प्रणालीसँग आबद्धता:** नेप्सेले तोकिएका विभिन्न शर्तहरु पूरा गर्ने गरी अनलाइन भुक्तानी प्रणालीलाई टिएमएसमा आवद्ध हुन स्वीकृति दिन सक्नेछ । कारोवार सदस्यले विनियमावलीको विनियम २१(क) बमोजिम कारोवार प्रणाली स्थापना गर्दा उपविनियम २१क(३) मा उल्लेख गरिएका बिशेषताका अलावा उल्लेखित अनलाइन भुक्तानी प्रणालीसँग आवद्धता गर्न सकिने गरी स्थापना गर्नुपर्ने छ ।

## परिच्छेद-४

## विविध

१६. **मापदण्ड तोक्न सक्ने:** (१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि नेप्सेले कारोबार व्यवस्थापन प्रणाली तथा डाटाको सुरक्षा तथा निर्वाध सञ्चालनका लागि समय समयमा अन्य मापदण्ड समेत तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको मापदण्डको पूर्ण पालना गर्नु कारोबार सदस्यको कर्तव्य हुनेछ ।

१७. **संशोधन र व्याख्या:** यस कार्यविधिलाई संशोधन र व्याख्या गर्ने अधिकार समितिमा निहित रहनेछ ।